नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्या : २०७४।७५

चलानी नं: 302

फोन नं ४२००३०६, ४२००३३६

मिति: २०७५।२।२१

## प्रेस विज्ञप्ति

### (स्थानीय तहको क्षमता विकास सम्बन्धी)

संघीय प्रणालीको एक मूल संरचनाको रुपमा रहेको गाउँपालिका तथा नगरपालिकाको निर्वाचन पश्चात सबै निर्वाचित अध्यक्ष/प्रमुख एवं उपाध्यक्ष/उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई *स्थानीय सरकार संचालन तथा बजेट तर्जुमा* सम्बन्धी *प्रारम्भिक अभिमुखिकरण* कार्य सम्पन्न भई प्रथम चरणमा आधारभूत विषयमा स्पष्टता कायम भई ७५३ वटै तहमा वार्षिक बजेट तर्जुमा सम्पन्न भएबाट स्थानीय सरकार विकास प्रक्रियालाई अगाडी बढाउन प्रयत्नशील रहेको र यस कार्यमा विभिन्न साझेदार निकायबाट निरन्तर सहयोग रहँदै आएकोमा मन्त्रालय आभार समेत व्यक्त गर्दछ ।

स्थानीय सरकारलाई प्राप्त कार्य जिम्मेवारी अनुरुप कार्य सम्पादन गर्न विभिन विषयगत क्षमता (Sectoral Capacity) को विकास गरी जनताको नजिकैको सरकारलाई विकास तथा सेवा प्रदायक संस्थाको रुपमा संस्थागत गर्नु आजको आवश्यकता हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको कार्यक्षेत्र अनुरुपका जिम्मेवारी पूरा गर्दै स्थानीय तहमा सेवा प्रवाह र विकास व्यवस्थापनलाई गति प्रदान गर्न यस मन्त्रालयले क्षमता विकास कार्यक्रममा विशेष जोड दिई बहुआयामिक प्रकृतिका कार्यक्रम संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा संचालन गर्ने रणनीति लिएको छ । सोही रणनीतिको एक अंगको रुपमा स्थानीय तहको आवश्यकतामा आधारित विषयगत प्रशिक्षण प्रदान गरी राजनीतिक र प्रशासनिक दुबैको व्यवसायिकता (Political and Administrative Professionalism) विकास गर्न स्तरीय प्रशिक्षण सामाग्री (Standard Training Material) तथा आबश्यक बजेट जिल्ला समन्वय समितिहरुमा उपलब्ध गराइएको छ । यो बजेट न्यायिक समितिको कार्यसम्पादन, वडा तहको क्षमता विकास, योजना तथा बजेट तर्जुमा, एकिकृत सम्पत्ति कर व्यवस्थापन र सार्वजनिक खरीद व्यवस्थापन सम्बन्धी तालिमका लागि उपयोग गर्नु पर्नेछ ।

जस अन्तर्गत प्रशिक्षकका लागि स्रोत पुस्तक (Resource Book), प्रस्तुती सामाग्री (Presentation Slide), प्रशिक्षक निर्देशिका (Trainer's Manual), सन्दर्भ सामाग्री (Reference Material) आदिहरु मन्त्रालयको वेवसाइटको मुख पृष्ठ (तालिम/क्षमता विकास सामाग्री शीर्षक, www.mofald.gov.np/ne/training-materials) मार्फतउपलब्ध हुनेछ । सो सामाग्रीहरु आधारभूत विषयमा एकरुपता कायम गर्न सहयोगी हुने र स्थानीय तहले आफ्नो आवश्यकतानुसारको उत्तम स्वरुप कायम गरी (मूल मर्म कायम राखी) उपयोग गर्न सक्नेछन् ।

*स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)* बाट ७५३ वटै गाँउपालिका र नगरपालिकाका जनप्रतिनिधी एवम् कर्मचारीको सहभागिता रहनेगरी कार्यक्रम आयोजना गर्न रु. ३६,३८,३३,९५०/- निकासा गरिएको छ, जस बमोजिम जिल्ला समन्वय समितिको कार्यालयले स्थानीय तहको क्षमता विकास कार्यक्रम मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न समन्वय र सहजीकरण गर्ने गरी व्यवस्था मिलाइएको छ।

नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
सिंहदरबार, काठमाडौं

पत्र संख्या : २०७४।७५
चलानी नं:

फोन नं ४२००३०६ / ४२००३३६

साथै उक्त रकम सशर्त अनुदानको रुपमा जिल्ला समन्वय समितिको कार्यालयमा उपलब्ध गराइएको छ र सो सम्बन्धि पत्र जानकारीको लागि वेवसाइटमा राखिएको छ ।

स्थानीय तहले आफ्नो आवश्यकतानुसार मन्त्रलयको वेवसाइटमा रहेको सामाग्री तथा सूचिकृत स्रोत व्यक्तिबाट आफ्नो भौगोलिक क्षेत्र भित्र क्षमता विकासका कार्यक्रम आँफ्नै स्रोत वा अन्य उपयुक्त स्रोतबाट आयोजना गर्न सक्नेछ ।

**स्रोत व्यक्ति सम्बन्धमा:**

साथै प्रशिक्षण कार्यक्रमका लागि विषयगत अवधारणा, विषयगत कानून तथा प्रक्रियागत पक्षको व्यवहारिक स्पष्टता कायम गर्न मन्त्रालयको अधिकृत स्तरका कर्मचारी तथा विषय विज्ञलाई प्रशिक्षक प्रशिक्षण (Training of Trainers - ToT) प्रदान गरी प्रदेशगत तथा स्थानीय तहगत रुपमा परिचालन हुन सक्ने गरी सूचिकृत गरी सो को विवरण समेत सोही वेवसाइटमा राखिएको छ । सोही सूचिकृत विवरण अनुरुप मन्त्रालयले बजेट उपलब्ध गराएको शीर्षकको हकमा जिल्ला समन्वय अधिकारीले समन्वय गरी आवश्यकतानुसार जिल्ला स्तरमा वा गाउँपालिका/नगरपालिका स्तरमा प्रशिक्षण/तालिम/अभिमूखिकरण संचालनको व्यवस्था हुन समेत अनुरोध गरिन्छ । साथै जिल्ला समन्वय समितिको कार्यालयले देहाय बमोजिम तालिम वा प्रशिक्षणको व्यवस्थापनमा सहजीकरण एवम् समन्वयकारी भूमिका निर्वाह गर्न अनुरोध गरिन्छ :

- जिल्लामा उपलब्ध स्रोत व्यक्ति अपूग भएमा वा विषयको गाम्भीर्यता अनुसार आवश्यक भएमा मन्त्रालय स्तरीय रोष्टरको सूचीमा समाबेश भएका वा MToT/ToT लिएका स्रोत व्यक्ति मार्फत प्रशिक्षण दिन सकिनेछ ।

**विकास साझेदारसँग समन्वय:**

विभिन्न विकास साझेदार (Development Partner) ले स्थानीय तहको क्षमता विकास सम्बन्धमा नेपाल सरकारबाट पूर्व स्वीकृत प्राप्त कार्यक्रम संचालन गर्दा मन्त्रालयले उपलब्ध गराएको क्षमता विकासको सामाग्री मात्र उपयोग गर्ने गरी मन्त्रालय तथा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा कार्यक्रम संचालन हुन अनुरोध गरिन्छ । विकास साझेदारबाट विगतमा विभिन्न प्रकारका सहकार्य भएका र सो को निरन्तरताको अपेक्षाका साथ यदि विकास साझेदारबाट स्थानीय तहको मागमा आधारित क्षमता विकास कार्यक्रम संचालन गर्न आवश्यक भएमा सो को प्रस्तावित पाठयक्रम, प्रस्तुति सामाग्री, पाठय-सामाग्री वा सन्दर्भ सामाग्री आदि मन्त्रालयबाट स्वीकृत गराई वा सहमति लिएर मात्र संचालन गर्नु हुन अनुरोध गरिन्छ ।साथै क्षमता विकास कार्यक्रमको उद्देश्य र औचित्यताको समेत मन्त्रालयबाट अनुगमन हुने र यसै कार्यमा आवश्यक सहजीकरण गर्न मन्त्रालयको स्थानीय तह *क्षमता विकास महाशाखा/शाखा* सँग समन्वय हुन सादर अनुरोध गरिन्छ ।

(सुरेश अधिकारी)
सहसचिव/ प्रबक्ता